# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०४।०७

### प्रेस विज्ञप्ति

क्षेत्राधिकार नै नभएको विषयमा प्रवेश गरी जिल्ला प्रहरी कार्यालय पर्साले प्रसारित समाचारको तथ्य पेश गर्न वीरगञ्जबाट सञ्चालित My TV लाई पत्र लेखेकोप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

एक महिलाको नागरिकताबाट पतिको नाम हटाइएको समाचारलाई लिएर वीरगञ्ज महानगरपालिका-३१ का वडा अध्यक्षले दिएको उजुरीका आधारमा प्रहरी कार्यालयले पत्र लेखेको महासंघको पर्सा शाखाले जनाएको छ ।

समाचारसंग सम्बन्धित विषयमा उजुरी सुन्ने अधिकार क्षेत्र प्रेस काउन्सिल नेपालसँगमात्र रहेकोमा त्यसको ख्यालै नगरी प्रहरीले गरेको कार्य अत्यन्तै निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भएको महासंघ ठान्दछ ।

महासंघ  समाचारको विषयमा अनधिकृत रूपमा लेखिएको पत्र फिर्ता लिई संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org